// नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, असोज २० गते २०५४ साल (संख्या २६

भाग ३

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

### लालमोहर (कार्यविधि) नियमावली, २०५४

लालमोहर ऐन, २०१५ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "लालमोहर (कार्यविधि) नियमावली, २०५४" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ।

(ख) "लालमोहर" भन्नाले लालमोहर ऐन, २०१५ को दफा २ बमोजिम को लालमोहर छाप सम्झनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–२

## लालमोहरद्वारा नियुक्ति हुने पदहरू

३. लालमोहरद्वारा नियुक्ति हुने पदहरूः– देहायका पदहरूमा नियुक्ति गर्दा लालमोहर-द्वारा नियुक्ति गरिनेछः–

(क) मन्त्रिपरिषद्का सदस्यहरूः–
- (१) प्रधानमन्त्री
- (२) उप-प्रधानमन्त्री
- (३) मन्त्री
- (४) राज्यमन्त्री
- (५) सहायकमन्त्री

(ख) संवैधानिक अङ्ग लगायतका अन्य पदाधिकारीहरूः–
- (१) प्रधानन्यायाधीश
- (२) सभापति, राजपरिषद स्थायी समिति
- (३) सदस्य, राजपरिषद् स्थायी समिति
- (४) न्यायाधीश, सर्वोच्च अदालत
- (५) सदस्य, न्यायपरिषद्
- (६) प्रधान सेनापति
- (७) प्रमुख आयुक्त, अख्तियार दुरुपयोग अनुसन्धान आयोग
- (८) महालेखा परीक्षक
- (९) अध्यक्ष, लोकसेवा आयोग
- (१०) प्रमुख निर्वाचन आयुक्त
- (११) महान्यायाधिवक्ता
- (१२) सदस्य, राजपरिषद
- (१३) आयुक्त, अख्तियार दुरुपयोग अनुसन्धान आयोग
- (१४) सदस्य, लोकसेवा आयोग
- (१५) निर्वाचन आयुक्त, निर्वाचन आयोग
- (१६) मुख्य न्यायाधीश, पुनरावेदन अदालत
- (१७) न्यायाधीश, पुनरावेदन अदालत
- (१८) शाही नेपाली राजदूत

(ग) मानको खातिर मान (उपाधी, सम्मान आदि) पाउने पदहरू ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९८

(घ) श्री ५ महाराजाधिराजबाट नियुक्त गरिबक्सने अन्य पदहरू:–

(१) बडा गुरुज्यू
(२) नायव बडा गुरुज्यू
(३) मूल पुरोहित
(४) महासचिव संसद सचिवालय
(५) सचिव, राजपरिषद्
(६) सचिव, प्रतिनिधिसभा
(७) सचिव, राष्ट्रिय सभा
(८) सचिव, न्यायपरिषद्

## परिच्छेद –३

## लालमोहर लाग्ने लिखतहरूमा दस्तखत गर्ने पदाधिकारीहरू

४. लालमोहर लाग्ने नियुक्ति पत्रमा दस्तखत गर्ने पदाधिकारीहरू:– देहायका पदाधिकारीहरूको नियुक्ति पत्रमा देहायका पदाधिकारीहरूले दस्तखत गर्नेछन्:–

(क) प्रधानमन्त्रीको नियुक्ति पत्रमा दस्तखत गर्ने पदाधिकारीहरू:

(१) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव
(२) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव
(३) श्री ५ को सरकारको मुख्य सचिव

(ख) उप-प्रधामन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीको नियुक्ति पत्रमा दस्तखत गर्ने पदाधिकारीहरू:–

(१) प्रधामन्त्री
(२) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव
(३) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव
(४) श्री ५ को सरकारको मुख्य सचिव,

(ग) प्रधान न्यायाधीशको नियुक्ति पत्रमा दस्तखत गर्ने पदाधिकारीहरू:–

(१) प्रधानमन्त्री



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव

(३) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव

(४) सचिव, संवैधानिक परिषद्

(घ) राजपरिषद् स्थायी समितिका सभापति र अन्य सदस्यहरूको नियुक्ति पत्रमा दस्तखत गर्ने पदाधिकारीहरूः–

(१) राजदरवार सम्बन्धी मन्त्री

(२) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव

(३) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव

(४) सचिव, राजपरिषद्

(ङ) सर्वोच्च अदालतका न्यायाधीश र पुनरावेदन अदालतका मुख्य न्यायाधीश तथा अन्य न्यायाधीशहरूको नियुक्तिपत्रमा दस्तखत गर्ने पदाधिकारीहरूः–

(१) प्रधानन्यायाधीश,

(२) कानून तथा न्याय मन्त्री

(३) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव

(४) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव

(५) सचिव, न्यायपरिषद्

(च) न्यायपरिषद्का सदस्यको नियुक्तिपत्रमा दस्तखत गर्ने पदाधिकारीहरूः–

(१) प्रधानन्यायाधीश

(२) कानून तथा न्याय मन्त्री

(३) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव

(५) श्री ५ को सरकारको मुख्य सचिव

(छ) प्रधान सेनापतिको नियुक्तिपत्रमा दस्तखत गर्ने पदाधिकारीहरूः–

(१) प्रधानमन्त्री

(२) रक्षा मन्त्री

(३) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव

(४) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सचिव

(५) श्री ५ को सरकारको मुख्य सचिव

(ज) संवैधानिक निकायका अन्य पदाधिकारीहरूको नियुक्तिपत्रमा दस्तखत गर्ने पदाधिकारीहरूः–

(१) प्रधानमन्त्री

(२) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव

(३) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव

(४) संवैधानिक परिषद्का सचिव

(झ) शाही नेपाली राजदूतहरूको नियुक्तिपत्रमा दस्तखत गर्ने पदाधिकारी-हरूः–

(१) प्रधानमन्त्री

(७) परराष्ट्रमन्त्री

(३) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव

(४) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएका अवस्थामा सैनिक सचिव

(५) श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

229

(ञ) बडा गुरुज्यू, नायब बडागुरुज्यू र मूल पुरोहितको नियुक्तिपत्रमा दस्तखत गर्ने पदाधिकारीहरूः–

(१) सभापति, राजपरिषद् स्थायी समिति

(२) राजदरवार सम्बन्धी मन्त्री

(३) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव

(४) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव

(ट) संसदका महासचिवको नियुक्तिपत्रमा दस्तखत गर्ने पदाधिकारीहरूः–

(१) सभामुख, प्रतिनिधिसभा

(२) अध्यक्ष, राष्ट्रियसभा

(३) संसदीय व्यवस्था मन्त्री

(४) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव

(५) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव

(ठ) प्रतिनिधिसभाका सचिवको नियुक्तिपत्रमा दस्तखत गर्ने पदाधिकारीहरूः–

(१) सभामुख, प्रतिनिधिसभा

(७) संसदीय व्यवस्था मन्त्री

(३) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव

(४) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव

(ड) राष्ट्रियसभाका सचिवको नियुक्तिपत्रमा दस्तखत गर्ने पदाधिकारीहरूः–

(१) अध्यक्ष, राष्ट्रियसभा

(२) संसदीय व्यवस्था मन्त्री

(८) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव

(ढ) राजपरिषद्का सचिवको नियुक्तिपत्रमा दस्तखत गर्ने पदाधिकारीहरू:–

(१) सभापति, राजपरिषद् स्थायी समिति

(२) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव

(३) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव

(ण) न्यायपरिषद्का सचिवको नियुक्तिपत्रमा दस्तखत गर्ने पदाधिकारीहरू:–

(१) प्रधानन्यायाधीश

(२) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव

(३) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव

५. श्री ५ को स्वीकृतिको लागि पेश हुने विधेयकमा दस्तखत गर्ने पदाधिकारीहरू: संविधानको धारा ७१ अनुसार श्री ५ को स्वीकृतिको लागि पेश हुने विधेयकमा देहायका पदाधिकारीहरूले दस्तखत गर्नेछन्:–

(१) विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्ष

(२) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव

(३) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव

६. श्री ५ बाट जारी हुने अध्यादेशमा दस्तखत गर्ने पदाधिकारीहरू: संविधानको धारा ७२ अनुसार श्री ५ बाट जारी हुने अध्यादेशमा देहायका पदाधिकारीहरूले दस्तखत गर्नेछन्:–

(१) प्रधानमन्त्री

(२) कानून तथा न्याय मन्त्री

(३) श्री ५ महाराजाधिराजका प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) श्री ५ महाराजाधिराजका प्रमुख सैनिक सचिव वा निज नभएको अवस्थामा सैनिक सचिव

(५) सचिव, कानून तथा न्याय मन्त्रालय

७. श्री ५ बाट जारी हुने आदेशमा दस्तखत गर्ने पदाधिकारीहरू: संविधानको धारा १२७ अनुसार श्री ५ बाट जारी हुने आदेशमा अध्यादेशमा दस्तखत गर्ने पदाधिकारीहरूले दस्तखत गर्नेछन् ।

## परिच्छेद–४
## विविध

८. लालमोहर लाग्ने अन्य कागजातहरूमा दस्तखत गर्ने पदाधिकारी: संविधानको धारा ३२ को उपधारा (२), धारा १२१ र १२३ अन्तर्गत लालमोहर लाग्ने कागजातहरूमा दस्तखत गर्ने पदाधिकारीहरू श्री ५ बाट तोकिबक्से बमोजिम हुनेछ ।

९. लालमोहरद्वारा हुने नियुक्तिपत्रको ढाँचा: लालमोहरद्वारा हुने नियुक्तिपत्रको ढाँचा अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. बचाउ: हाल बहाल रहेका र यो नियमावली प्रारम्भ भएपछि नियुक्त हुने पदाधिकारीहरूलाई मात्र यस नियमावली बमोजिम लालमोहरद्वारा नियुक्तिपत्र दिइनेछ ।

द्रष्टव्य: यस नियमावलीको ठाउँ-ठाउँमा प्रयोग भएका "प्रमुख सचिव वा निज नभएको अवस्थामा सचिव" भन्नाले श्री ५ महाराजाधिराजको प्रमुख सचिवालयको प्रमुख सचिव वा सचिवलाई जनाउँदछ ।

## अनुसूची
## लालमोहरद्वारा हुने नियुक्तिपत्रको ढाँचा

लालमोहरद्वारा हुने नियुक्तिपत्रको ढाँचा देहाय बमोजिम हुनेछ:–

(क) प्रधानमन्त्रीको नियुक्तिपत्रको ढाँचा:

### प्रशस्ति

आगे श्री . . . . . . . . . . . . . . के नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम मिति . . . . . . . . . . . मा तपाईलाई प्रधान मन्त्रीको पदमा नियुक्त गरी तपाईको अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरिबक्सेका छौं । हामी र नेपाल अधिराज्यको संविधान, २०४७ प्रति पूर्णतया वफादार रही मुलुकको सर्वाङ्गीण हितलाई ध्यानमा राखी प्रधानमन्त्रीको पदको कार्यभार सम्हाल्नु होला । ईति सम्वत् . . . . साल . . . . महिना . . . . गते . . रोज . . शुभम् . . ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उप-प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीको नियुक्ति-पत्रको ढाँचाः

प्रशस्ति

आगे श्री .. .. .. .. के नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम मिति .. .. .. .. मा तपाईलाई प्रधानमन्त्री श्री .. .. .. .. को अध्यक्षतामा गठन भएको मन्त्रिपरिषद्मा .. .. .. .. को पदमा नियुक्त गरिबक्सेका छौं। हामी र नेपाल अधिराज्यको संविधान, २०४७ प्रति पूर्णतया बफादार रही मुलुकको सर्वाङ्गीण हितलाई ध्यानमा राखी .. .. .. .. पदको कार्यभार सम्हाल्नु होला। ईति सम्वत् .. .. .. साल .. .. .. महिना .. .. .. .. .. गते.. .. रोज .. .. .. शुभम् .. .. .. .. .. ।

(ग) अन्य संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्तिपत्रको ढाँचाः

प्रशस्ति

आगे श्री .. .. .. .. .. के नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम मिति .. .. .. मा तपाईलाई .. .. .. को .. .. पदमा नियुक्ति गरिबक्सेका छौं। हामी र नेपाल अधिराज्यको संविधान, २०४७ प्रति पूर्णतया बफादार रही मुलुकको सर्वाङ्गीण हितलाई ध्यानमा राखी .. .. . पदको कार्यभार सम्हाल्नु होला। ईति सम्वत् . . . साल . . . महिना . . . . गते . . . रोज .. .. शुभम् .. .. .. .. .. .. .. .. ।

(घ) बडागुरुज्यू, नायब बडागुरुज्यू र मूल पुरोहितको नियुक्तिपत्रको ढाँचाः

प्रशस्ति

आगे श्री .. .. .. .. के नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम मिति .. .. .. मा तपाईलाई हिन्दू अधिराज्य नेपालको .. .. .. पदमा नियुक्त गरिबक्सेका छौं। हामी र नेपाल अधिराज्यको संविधान, २०४७ प्रति पूर्णतया बफादार रही मुलुकको सर्वाङ्गीण हितलाई ध्यानमा राखी .. .. .. पदको कार्यभार सम्हाल्नु होला। ईति सम्वत् .. .. .. साल .. .. महिना .. . गते.. .. रोज .. .. शुभम् .. .. .. .. ।

(ङ) मानको खातिर मान पाउने व्यक्तिले पाउने पत्रको ढाँचाः

प्रशस्ति

आगे श्री .. .. .. .. के नेपाल र नेपालीको हित हुने प्रशंसनीय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सेवा गरे वापत हामीबाट . . . . . . . . को सम्मान पदवी पाउनाको सुयोग्य ठहऱ्याई कदर गरिबक्सी सो सम्बन्धी मान मर्यादा आजका मितिदेखि प्रदान गरिबक्सेका छौं । हामी र नेपाल अधिराज्यको संविधान २०४७ प्रति पूर्णतया बफादार रही मानको इज्जत कायम राखी उपभोग गर्नु होला । ईति सम्वत् . . . . साल . . . . महिना . . . . . . . गते . . रोज . . . . शुभम् . . . . . . ।

(च) श्री ५ महाराजाधिराजबाट नियुक्त गरिबक्सने अन्य पदाधिकारी-हरूको नियुक्तिपत्रको ढाँचाः

प्रशस्ति

आगे श्री . . . . . . . . के नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम मिति . . . . . . मा तपाईलाई . . . . को . . . . पदमा नियुक्त गरिबक्सेका छौं । हामी र नेपाल अधिराज्यको संविधान, २०४७ प्रति पूर्णतथा बफादार रही मुलुकको सर्वाङ्गीण हितलाई ध्यानमा राखी . . . . . . पदको कार्यभार सम्हाल्नु होला । ईति सम्वत् . . . . . . साल . . . . महिना . . . . . . गते. . रोज . . . . . . शुभम् . . . . . . . . ।

आज्ञाले,

शम्भुशरणप्रसाद कायस्थ

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको

### सूचना १

नगर विकास ऐन, २०५४ को दफा ४ को उपदफा ४.४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड ४५, अतिरिक्ताङ्क ३६ (ख+२) मिति २०५२।६।१३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम गठित पोखरा उपत्यका नगर विकास समितिको अध्यक्षमा श्री भोला थापा, प्रमुख, पोखरा उपमहानगरपालिका कास्कीको सट्टा श्री रमेश भट्टराई पोखरा उप महानगरपालिका वडा नं. ६ कास्कीलाई तोकेको छ ।

### सूचना २

नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड ४५, अतिरिक्ताङ्क ३१ (क+४) मिति २०५२।८।१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२६

बमोजिम गठित कोहलपुर नगर विकास समितिको अध्यक्ष श्री चेतबहादुर थापाको सट्टा श्री अजयराज सिंह, नेपालगन्ज नगरपालिका वडा नं. ३, बाँकेलाई तोकेको छ ।

आज्ञाले,
ठोकप्रसाद शिवाकोटी
उप-सचिवकानून

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
### सूचना १

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४७, अतिरिक्ताङ्क १८, मिति २०५४।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्रिय योजना आयोगको सचिवालय अन्तर्गतको क्षेत्रीय योजना कार्यालय, दिपायलबाट कृषि विकास बैङ्कको भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तूर रू. ९८,०००।– (अन्ठानब्बे हजार) छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४७, अतिरिक्ताङ्क १८, मिति २०५४।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मालपोत कार्यालय, बेलबारीको कार्यालय तथा आवास भवन निर्माण गर्न निःशुल्क रूपमा प्रदान गरिएको श्री रत्नबहादुर सुवेदीको नाउँमा दर्ता भएको मोरङ्ग जिल्ला कसैनो गा.वि.स. वडा नं. ३ क. साविक कि. नं. ११ को ०–१०–० (दश कट्ठा) जग्गाको लिखतमा लाग्ने रजिष्ट्रेशन दस्तूर रू. २,६२५।– (दुईहजार छसय पच्चीस) छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ३

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४७, अतिरिक्ताङ्क १८, मिति २०५४।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ज. गु. श्री रामानन्दचार्य पीठ दिगम्बर वडा श्री राम मन्दिर देवघाटलाई श्री वलराम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दास वैष्णवले तनहुँ जिल्ला सिराहा काफलडाँडा गा.वि.स. वडा नं. २ को कि. नं. २४९२ र २७९२ को जग्गा मध्येबाट ०–१४–३–० (चौध आना तीन पैसा) जग्गा दानपत्र गरिँदा लिखतमा लाग्ने रजिष्ट्रेशन दस्तूर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४७, अतिरिक्ताङ्क १८, मिति २०५४।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले श्री मनोजकुमार राठीसंग मारवाडी सेवा सदन विराटनगरले विराटनगर उपमहानगरपालिका वडा नं. ९ च. कि. नं. ५ क्षेत्रफल ज. वि. ०–२–६–३ र ऐ. वडा नं. ९ ग. कि. नं. ६७ क्षेत्रफल ज. वि. ०–०–७–२ गरी जग्गा ज. वि. ०–२–१४–१ को रू. २१,००,००० (एक्काइस लाख) मा खरिद गर्दा नियमानुसार क्रेतालाई लाग्ने रजिष्ट्रेशन दस्तुर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४७, अतिरिक्ताङ्क १८, मिति, २०५४।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले काठमाडौं महानगरपालिका वडा नं ३० बस्ने श्री ज्योतिरत्न तुलाधर समेत जना ४ को नाउँमा स्वयम्भू ध्यांग गुठी रैतान नम्बरीमा संयुक्त दर्ता रहेको स्वयम्भू गा. वि. स. वडा नं. ९ कि.नं. १२ क्षेत्रफल रोपनी ०–८–०–० जग्गा श्री धर्मकिर्ती विहार नघल काठमाडौंलाई दानपत्र गरी दिने लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

उद्योग मन्त्रालयका सचिव डा. भोलानाथ चालिसे जेनेभामा शुरू हुने WIPO को स्थायी समितिको बाह्रौं अधिवेशनमा भागलिन त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री इन्द्रकुमार श्रेष्ठलाई मिति २०५४।५।२२ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

स्वास्थ्य मन्त्रालयका सचिव श्री श्रीराम पौडेल अध्ययन भ्रमणको लागि जापान जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव डा. दुर्गाप्रसाद मानन्धरलाई मिति २०५४।५।२९ गतेदेखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना ३

निर्वाचन आयोगमा रिक्त रहेको सचिव पदमा अर्को व्यवस्था नभएसम्म तत्काल कामकाज चलाउनका लागि निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले त्यसै आयोगका का.मु. विशेष सचिव श्री पुरूषोत्तम ढकाललाई कायम मुकायम सचिव मुकरर गरेको छ।

आज्ञाले,
शम्भुशरणप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
225

नेपाल अधिराज्यका

## महान्यायाधिवक्ताको कार्यालयको सूचना

यस कार्यालयको वरिष्ठ सरकारी अधिवक्ता (रा.प. विशिष्ट श्रेणी) पदमा यस कार्यालय अन्तरगत पुनरावेदन सरकारी वकील कार्यालय, ईलामका सरकारी अधिवक्ता श्री नरेन्द्रकुमार श्रेष्ठलाई सरकारी वकील सम्बन्धी नियमावली, २०२८ को नियम ८ को उपनियम (४) बमोजिम महान्यायाधिवक्ताबाट मिति २०५४।५।२३ देखि लागू हुने गरी कायम मुकायम मुकरर गरिएको छ।

आज्ञाले,
समीर सिलवाल
उप-सरकारी अधिवक्ता

## संसद सचिवालयको सूचना

मध्य पश्चिमाञ्चल विकास क्षेत्रबाट राष्ट्रिय सभाको सदस्यमा निर्वाचित माननीय श्री भीमप्रसाद श्रेष्ठको २०५४ साल भाद्र १५ गते मृत्यु भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४९ को खण्ड (क) बमोजिम राष्ट्रिय सभाको सदस्यको स्थान एक रिक्त हुन आएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
रामबहादुर के.सी.
राष्ट्रिय सभाको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
230